# देउमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशी मूलप्रवाहिकरण रणनीति-२०८१

# Gender Equality and Social Inclusion Mainstreaming Strategy of Deumai Municipality - 2081

## देउमाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मंगलबारे, इलाम

कोशी प्रदेश ।

## विषयसूची

१. पृष्ठभूमी ....................................................................................................................

२. देउमाई नगरपालिका परिचय ....................................................................................................

३.रणनैतिक योजनाको  औचित्य ....................................................................................................

३.१ .लैससास मुल प्रवाहिकरण रणनिति तयारीको आधारहरु............................................................................

४. लैससास मूल प्रवाहिकरण रणनीति तयारीको आधारहरु...............................................................................

४.१. देउमाई नगरपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति (SWOT) विश्लेषण .............

४.२ देउमाई नगरपालिमा लैससास मूलप्रवाहिकरण कार्यान्वयनका लागि सरोकारवाला निकायहरुको पहिचान ...

४. ३.लक्षित वर्गको पहिचान..........................................................................................................

५. दिर्घकालिन सोच......................................................................................................................

६. लक्ष्य ..........................................................................................................................................

७. उद्देश्य ........................................................................................................................................

८. देउमाई नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति..........................................................................

९ .वित्तव्यवस्थापन..........................................................................................................................

१०. सरोकारवालाहरुको भूमिका पहिचान ..........................................................................................

११. कानुनी व्यवस्था .......................................................................................................................

१२. जोखिम पहिचान तथा न्यूनिकरण ..............................................................................................

१२.१ जोखिम ...................................................................................................................................

१२.२.जोखिम न्यूनिकरणका उपायहरु ..................................................................................................

१३. अनुगमन तथा मूल्याङकन .............................................................................................................

# देउमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति- २०८१

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०१/१७

## १. पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ। महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। समानताको हकले हरेक नागरिकहरु, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानले प्रत्यक्षरुपमा व्याख्या गरको छ। सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लैससास) सम्बन्धी तल दिए अनुसारका प्रावधानहरुको व्यवस्था गरेको छ। संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गर्न आवश्यक रहेको छ। लैससास अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामञ्जस्यता ल्याउन जरुरी रहेको छ। स्थानीय सरकार तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा स्थानीयकरण गर्दै लैजान र एकरुपता कायम गर्न नया रणनीतिको आवश्यक रहेको छ।

## २. देउमाई नगरपालिका परिचय:

देउमाई नगरपालिकाको जनसंख्या,घरधुरी र साक्षरता राष्ट्रिय जनगणना २०७८ का अनुसार यस पालिकाको कूल जनसंख्या ३०९६९ रहेको छ जसमध्ये १५३४८ पुरुष र १५६२१ महिला रहेका छन्। यस पालिकामा जम्मा ७६८६ घरधुरी छन्, जसमध्य ६११० घरधुरी का घरमुली पुरुष रहेका छन् भने १५७६ घरमा महिला घरमुली रहेका छन। शैक्षिक स्तर को कुरा गर्दा, ५ बर्ष माथिका पुरुष १४२८५ छन् भने महिला चाही १४६५८ छन्। यो कूल संख्यामा पूर्ण रुपमा लेख पढ गर्न सक्ने पुरुषको संख्या १२७१९ छ भने महिलाको ११४०५ रहेको छ। साथै, पढ्न मात्र सक्ने २३ पुरुष र ३१ महिला छनभने लेखपढ गर्नै नजान्ने पुरुष १५४३ र महिला ३२२२ रहेका छन जात,

जाति र मातृभाषा: यहाँ अधिकांश मानिसहरू ब्राह्मण (१६.६%) छन्, त्यसपछि याक्थुङ/लिम्बु (१५.७%) र राई (१५.२%) रहेका छन्। क्षेत्री जनसंख्याको १४% छन्। साथै, मगर, तामाङ र बि.क. क्रमशः ९.१%, ७.६% र ३.१% रहेका छन्। यहाँ बस्ने ४८.४% मानिसहरू हिन्दू धर्म मान्छन् भने ,३३.३% किरात धर्म मान्छन्। १६.३% बुद्ध धर्ममान्दछन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूले प्रायः नेपाली (४७%) बोल्छन् र त्यसपछि याक्थुङ/लिम्बु (१५%) भाषा बोल्छन्। ८.२% जनसंख्याले बान्तवा भाषा बोल्छन्। मगर , तामाङ र राई क्रमशः ८%, ७.३% र ४.३% रहेका छन्। २०७३ सालमा घोषणा भएको देउमाई नगरपालिकाको जम्मा ९ वटा वडाहरु रहेका छन। यस नगरपालकिाका बासिन्दाको मुख्य पेशा कृषि तथा पशुपालन हो भने प्रमुख खाघ्यान बाली को रुपमा धान,मकै गहु रहेको र प्रमुख नगदेबालीका रुपमा अदुवा,अम्लिसो,चिया,अलैची र आलु रहेका छना. यहाँको सास्कृति परम्परामा समेत विविधता रहेको पाइन्छ। देउमाई नगरपालिकामा राई , लिम्बु, मगर, ब्राह्मण, क्षेत्री, शेर्पा ,तामाङ, नेवार, गुरुङ, दलित समुदायको बसोबास रहेको छ।

**प्रमुख समस्या**

देउमाई नगरपालिकामा पछाडी र विभेदमा पारिएका समुदायले विभिन्न खालका समस्याहरु भोग्दै आएका छन। पछाडि पारिएका र विभेदमा परेका समुदाय प्राय महिला, युवा, दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जनजाती , बाल बालिका, किशोर किशोरीहरु रहेका छन। यी समुहहरुले विभेद, गरिबी, अपहेलना, कुरीति, हिंसा जस्ता धेरै समस्याहरुको सामना गर्नु पर्ने अवस्था रहेको देखिन्छ। महिलाहरुको सामाजिक सवलिकरण तथा हरेक व्यवस्थापकीय क्षेत्रमा पुरुष सरह क्षमता वृद्धि नभएको र अवसर प्राप्त नभएको अवस्था छ । महिलाहरु घरमा भावनात्मक दुर्व्यवहार, घरेलु हिंसा, गाली र अपहेलनाको शिकार भएको भेटिन्छ । घरको हेरचाह, खेतीपातीको काम, सामाजिक काम महिलाहरुले दिन रात गरिरहेका भएता पनि त्यसलाई सम्मानपूर्ण तरिकाले मापन नहुँदा र आर्थिक रुपमा सवल नहुदा घरभित्रै बाट विभेद र अपहेलना सहनु परेको छ त्यसैगरि अझै पनि दलितहरु माथी भिवेदपूर्ण व्यवहार भएको र छुवाछुतको पूर्ण रूपमा अन्त्य नभएको बवस्था छ । दलितहरुमा शिक्षाको कमी, शिपकोकमि, गरिवी र बेरोजगारीका कारण आर्थिक बिकास नहुने समस्या देखिन्छ। समग्रमा आर्थिक र शैक्षिक क्षेत्रमा दलितहरु पछाडी परेका छन्। विद्यालयहरु अपांग मैत्री नभएको देखिन्छ। अपांगता भएको व्यक्तिहरुहरुको क्षमता विकासमा ध्यान नदिएको, बाल बालिकाहरुको अधिकार पूर्ण रुपमा लागु नभएको अवस्था छ, त्यसैगरि आर्थिक अभावको कारण बाल बालिका, किशोर किशोरी हरुलाई पठन पाठनमा कठिनाई र पढ्ने अनुकुल बाताबरण नभएको साथै बाल श्रम शोषण अझै कतीपय ठाउँमा कायम रहेको देखिन्छ । युवाहरुमा रोजगारीको अभाव हुनुका साथै क्षमता विकास तथा अवसरको समेत कमी देखिन्छ । युवाहरुको लागि प्राविधिक र उद्यमशिलतताको लागि उचित वातारण नबनेको, किशोर किशोरीमा चेतनाको कमिको कारण धुमपान, मध्यपान, जस्ता लागु औषधमा फसेको देखिन्छ । किशोर किशोरी असुरक्षित देखिन्छन । त्यसैगरि बाल विवाहले कानुनी रुपमा मान्यता नपाए तापनि बाल विवाह हुने गरेको भेटिन्छ। ज्येष्ठ नागरिकमैत्री पूर्वाधारहरु नबनेको साथै सूचना प्रविधिमा पँहुच नपुगेको देखिन्छ । बालबालिकाहरुको लागि बालमैत्री पूर्वाधार बनेको छैन । बालबालिकाहरु मोबाइलमा धेरै समय बिताएको देखिन्छ।

## ३. रणनैतिक कार्ययोजनाको औचित्य

आर्थिक, सामाजिक र राजनैतिक रुपान्तरणको लागि देउमाई नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीति बनाउँदा भौतिक पूर्वाधार संगसँगै लैससासको दीर्घकालिन उद्देश्य, दिगोविकास र लैंगिक समानताको लागि राम्रो अवसर हुने छ । लैससासका लक्षित वर्ग तथा समुदायका समस्याहरु समाधानको लागि यस रणनीतिले केहि मात्रामा भएपनि टेवा पुर्याउनेमा देउमाई नगरपालिकाले विश्वास राखेको छ । नेपालको संविधानले हरेक नागरिकको अधिकार र न्यायोचित सेवा सुविधालाई सुनिश्चित गरेको छ । नेपालले अन्तर्राष्ट्रिय तहमा विभिन्न लैससासलाई बढावा दिने सन्धिहरुमा प्रतिबद्धता जनाएको छ । त्यसैगरि राष्ट्रिय तहमा नेपालले राष्ट्रिय लैङ्गिक समानतता नीति २०७७ तयार गरेको छ । सो नीतिलाई कार्यान्वयनको लागि कोशी प्रदेश सरकारले प्रदेश तहमा लैससास रणनीति २०२१-२०२३ तर्जुमा गरेको छ । सो राष्ट्रिय तथा प्रदेश तहमा तर्जुमा भएका निति तथा रणनीतिहरु र संविधानले राखेका प्रावधानहरु सुनिश्चित गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको हो । स्थानीय सरकार संचालन ऐन, २०७४ मा दिएको पालिकाको काम कर्तब्य र अधिकारमा पनि लैससास मूल प्रवाहीकरण सम्बन्धित जिम्मेवारी स्थानीय सरकारको हुनेछ भनिएको छ । उक्त स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारले विकासका कार्य, आर्थिक तथा सामाजिक रूपमा पछि पारिएका महिला, बालबालिका, दलित, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने प्रावधान छ । बालविवाह, बहुविवाह, लैगिंकहिंसा, छुवाछुत, दाइजो, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मा स्थानीय सरकारलाई तोकेको छ ।

### ३.१. लैससास मूल प्रवाहिकरण रणनीति तयारीको आधारहरु:

लैससास रणनीति तयारी गर्दा तल उल्लेखित लैससास सम्वन्धी अबधारणा, आधार, र व्याख्याहरुलाई बुझ्न पर्ने हुनेछ । जब रणनीतिका आधार कार्यान्वयन हुनेछन् तब लैंगिक समानताको लक्ष्य प्राप्त हुनेछ । यस क्रममा हामीले लैससास को आधारहरुलाई अपनाउने र कार्यान्वयन गर्नु पर्ने हुन्छ त्यसैले निम्नअनुसार लैससास अवधारणाहरुलाई अवलम्वन गर्नु नै यस रणनीति निर्माणका आधारहरु हुन्:

१. "लैङ्गिक समता" को आधारमा सबै लक्षित समुह, व्यक्ति र समुदायले सम्मान र थप अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई समतामूलक स्थितिको निर्माण गर्नु पर्ने हुन्छ ।

२. "लैङ्गिक समानता" उपलब्धिको लागि महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने ।

३. "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" प्राप्तिको लागि महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्ने ।

४. "सामाजिक समावेशीकरण" को लागि अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सास्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चितता गर्ने।

५. "लैङ्गिक मूलप्रवाहीकरण" लाई हासिल गर्नको लागि कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने।

६. "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" बनाउनको लागि स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिङ्गी, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियामा निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी बजेट तर्जुमा गर्ने।

७. "लैङ्गिक तथा सामाजिक समावेशी परीक्षण" एउटा मूल आधार हो जसले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय अपनाउने।

८. "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले "लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने।

९. सशक्तिकरण" एउटा यस्तो मूल अबधारणा हो जसले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि पारिएको, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्य गर्न निरन्तरता दिने।

उल्लेखित आधारमा रहेर कार्य गर्न सके लैंगिक तथा सामाजिक समानताको विकासको लक्ष्य प्राप्तिमा टेवा पुग्ने देखिन्छ।

## ४. लैससास मूल प्रवाहिकरण रणनीति तयारीको आधारहरु

### ४.१. देउमाई नगरपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति (SWOT) विश्लेषण

लैससास मूल प्रवाहीकरण रणनीति निर्माणको क्रममा भएको कार्यशाला गोष्ठीबाट विश्लेषण गरिए अनुसार देउमाई नगरपालिकामा अहिलेको अवस्थामा भएका सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अबसरहरु र चुनौतीहरु तलको तालिकामा उल्लेख गरिएको छ।

| सबल पक्ष: | सुधार गर्नुपर्ने पक्ष: |
|---|---|
| १. खण्डीकृत तथ्याङ्कको सुरुवात।<br>२. न्यायिक समिति नगरपालिका र सबै वडामा भएको।<br>३. सबै वडामा मेलमिलाप समिति भएको।<br>४. योजना छनोटमा महिला सहभागीताको सुरुवात।<br>५. लैंगिक तथा सामाजिक प्ररिक्षण गरेको। | १. बाल क्लबहरु गठन हुन नसकेको।<br>२. योजना छनोट प्रक्रियामा लक्षित बर्गको अर्थपूर्ण सहभागीता हुन् नसकेको।<br>३. आवश्यक नीति कार्यविधि निर्माण हुन नसक्नु।<br>४. लैससास लक्षित बजेट बिनियोजन हुन नसक्नु।<br>५. लैससासको बिषयमा गम्भीरता तथा सम्वेदनशिल नहुनु। |
| **अवसर :** | **चुनौती:** |
| १. लैससास सम्बन्धी कार्यक्रमहरु नेपालको संविधान, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकारका नीति नियम तथा कानुनको आधारमा कार्यान्वयन गर्न सकिने।<br>२. स्थानीय तहमा आवश्यक पर्ने ऐन कानुन आफैं बनाई कार्यान्वयन गर्न सकिने। | १. विषयगत शाखा को व्यवस्थापन गर्न।<br>२. व्यवहारिक तथा रणनैतिक योजना बनाउन।<br>३. नीति तथा कार्यविधि कार्यान्वयन गर्ने।<br>४. बजेट बिनियोजन मूल्यांकन र अनुगमन गर्ने नगरिएको। |

## ४.२. देउमाई नगरपालिकामा लैससास मूलप्रवाहीकरण कार्यान्वयनका लागि सरोकारवाला निकायहरुको पहिचान

यस नगरपालिका तहमा अहिले पहिचान गरिएका यस रणनीति कार्यान्वयनको लागि प्रत्यक्ष र अप्रत्यक्ष सरोकारवाला निकायहरु तल उल्लेख गरिएको छ।

१. देउमाई नगरपालिका तथा यस अन्तर्गत निम्न अनुसारका विभिन्न शाखा तथा समितिहरु

   क. सामाजिक विकास शाखा (महिला, बाल बालिका तथा जेष्ठ नागरिक हेर्ने कर्मचारीहरु )

   ख. कार्यपालिका सदस्यहरु / वडा सदस्यहरु

   ग. लैससास कार्यान्वयन तथा अनुगमन समिति र विभिन्न अनुगमन समूह/समितिहरु न्यायिक समिति र वडा तहका मेलमिलाप समितिहरु

   घ. नगरपालिकाका विषयगत शाखाहरु (कृषि शाखा, पशुसेवा शाखा, लेखा तथा आर्थिक प्रशासन शाखा, आदि)

२. नगरपालिका मा बसेका लैससासका लक्षित वर्गहरु र अन्य घरधुरी तथा जनसंख्या,

३. पालिकामा लैससासको क्षेत्रमा कार्यरत विभिन्न गैससहरु, महिला समूह तथा संजाल, आमा समूह, सहकारी, कृषक समूह, अपाङ्ग संघ, दलित संघ आदि,प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय, प्रदेश योजना आयोग, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान आदि,

४. संघीय सरकार अन्तर्गत महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा विभिन्न विषयगत मन्त्रालयहरु,
५. लै.स.सा.स.को क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरु।

### ४.३ लक्षित वर्गहरुको पहिचान

यस देउमाई नगरपालिकाका लक्षित वर्गहरु उल्लिखित अनुसार छन्।

| | |
|---|---|
| १. महिला, गर्भवती महिला , एकल महिला | २. ज्येष्ठ नागरिक |
| ३. दलित | ४. युवा |
| ५. आदिवासी जनजाती | ६. अल्पसंख्यक तथा सिमान्तकृत जनजाती |
| ७. अपांगता भएका व्यक्ति | ८. लैङ्गिक तथा यौनिक अल्प संख्यक |
| ९. बाल बालिका | १०. गरिब तथा विपन्न घरधुरी |
| ११. किशोर किशोरी | १२. संकटासन्न घरधुरी |

**५. दीर्घकालिन सोच:** सभ्य र न्यायपूर्ण आर्थिक सबलता सहितको हाम्रो समाज निर्माण गर्ने।

**६. लक्ष्य** : लक्षित वर्गका अधिकार, लाभ, सेवा र अवसरलाई समान रूपमा प्रयोग गर्न सक्ने वातावरण सिर्जना र मापदण्डहरू विकास गर्ने।

**७. उद्देश्य:**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लागि नीतिगत प्रक्रियाहरू तथा व्यवस्थाहरु सुनिश्चित र प्रवर्द्धन गर्ने।
२. लैङ्गिक तथा सामाजिक रुपमा विपन्न र लक्षित वर्गलाई सेवा प्रवाह गर्ने संयन्त्रको लागि नगरपालिकाको संस्थागत क्षमता बिकास गर्ने।
३. लक्षित वर्गलाई सेवा, लाभ र अधिकारहरूमा पहुँच सुनिश्चित गर्ने।

उक्त उद्देश्य पूरा गर्नका लागि तल उल्लेखित रणनीतिहरुलाई मूल आधार बनाई देउमाई नगरपालिकाको रणनीति तथा कार्ययोजना तयार गरिएको छ।

## ८. देउमाई नगरपालिकाको लैससास मूलप्रवाहीकरण रणनीतिहरु:

### रणनीति १. मूलप्रवाहीकरण:

१.१ यस देउमाई नगरपालिकाका महिला, गरीब तथा बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान गर्ने।

१.२ आवधिक योजना, बार्षिक कार्यक्रमलाई लै.स.सा.स योजना, लै.स.सा.स. समावेशी बजेट ८% छुट्याउने र कार्यान्वयन गर्ने।

१.३ प्रत्येक वर्ष लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरिने।

१.४ बहिष्करणमा परेका समुदायको सेवामुलक कार्यमा अवसर र पहुँच प्रदान गर्ने र त्यसको जानकारी लै.स.सा.स.का लक्षित वर्ग लाई गराउने।

१.५ लै.स.सा.स सँग सम्बन्धित नीतिगत ब्यस्थाहरु गर्ने , संस्थागत प्रणाली तथा संरचनाहरू निर्माण गर्ने।

### रणनीति २. शशक्तिकरण

२.१ अवसरबाट वञ्चित समुदाय(आदिबासी जनजाती, मधेशी, दलित, अल्पसंख्यक, महिला, अपांगता, बालबालिका , जेष्ठ नागरिक आदि) लाई पालिकाका सम्पूर्ण र्कायक्रममा अर्थपूर्ण सहभागिता गराईने छ।

२.२ अवसरबाट बञ्चित समुदायको (आदिबासी जनजाती, मधेशी, दलित,अल्पसंख्यक, महिला, अपांगता, बाल बालिका, जेष्ठ नागरिक) लागि आय आर्जन र रोजगारी अभिबृद्धि कार्यक्रम संचालन गरिने छ।

२.३ पालिकाको लैससास सम्बन्धी कामको प्रचार प्रसार गरिनेछ।

### रणनिती ३. क्षमता विकास

३.१ बहिष्करणमा परेका स्थानीय नागरिकको योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक क्षमता अभिबृद्धि गरिने छ।

३.२ बहिष्करणमा परेका समुदायको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ।

### रणनिती ४. लैंगिक उत्तरदायी बजेट:

४.१ पालिकाको बार्षिक बजेटको कम्तिमा १०% लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा गरिने

४.२ लैगिक उत्तरदायी तथा समाजिक समावेशी बजेटमार्फत नतिजामुखी बार्षिक र आवधिक योजना तर्जुमा र सोको कार्यन्वयन गर्ने।

### रणनिती ५. समन्वय सहजीकरण

५.१ लैससास सम्बन्धी योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकाय आदि सँग समन्वय, सहकार्य गर्ने।

५.२ लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरोकार समुह संस्था, सरकारी, दातृ निकाय एवम् गैरसरकारी निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

रणनिती ६. अनुगमन मुल्यांकन

६.१ नगरपलिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङकन

गर्ने।

६.२ लै.स.सा.स दृष्टिकोणले अनुगमन तथा मूल्याङकन गर्ने प्रक्रियालाई संस्थागत गर्दै लैजाने र सुधार गर्दै लाने।

६.३ बार्षिक रुपमा लैगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरिने।

खण्डीकृत तथ्याक तयार गर्ने।

## ७. देउमाई नगरपालिकाको रणनीतिक कृयाकलाप (उद्देश्य अनुसार)

देउमाई नगरपालिकाको माथि उल्लेखित उद्देश्य अनुसारका रणनीतिक क्रियाकलाप, र सूचकहरूको तालिका।

| क्र. स | उद्देश्य | रणनिति | रणनैतिक कृयाकलाप | अनुमानित लागत | आ.व | मापनका सूचकहरु |
|---|---|---|---|---|---|---|
| क. | १. लक्षित समुहलाई सम्बोधन गर्दै लैङ्गिक समानताको आवश्यक व्यवस्थाहरु सुनिश्चित गर्ने | १.१. लैससास सम्बन्धित नीतिगत व्यवस्थाहरु गर्ने (मूलप्रवाहीकरण) | १.१.१.लैससास सम्बन्धित नीति कानून बनाइने<br>१.१.२ लैससास शाखा बनाई कार्यक्रम संचालन गरिने।<br>१.१.३ प्रत्येक वर्ष लैगिक उत्तरदायी तथा समावेशी बजेट | ८००,००० | ०८१-०८४ | नीतिको संख्या, नीति दस्ताबेजहरु, बैठक माइन्युटहरु, लैससास शाखा अधिकृत र शाखा अन्तर्गत कर्मचारी |
| | | १.२ संस्थागत प्रणाली (कर्मचारी,शिक्षा,स्वास्थ्य, विपद, खाद्य सुरक्षा, कृषि, वन, पूर्वाधार समिति आदि लैसास मैत्री निर्माण गर्ने र व्यवस्थापन गरिने। | १.२.१ स्वास्थ्य सेवा र निशुल्क शिक्षा, रोजगारी, कर्मचारी र प्रतिनिधि, समिति सदस्य सिपमुलक तालिम, व्यवस्था गरिने र संस्थागत प्रणाली लैसास मैत्री निर्माण गर्ने र व्यवस्था गरिने। | ९५०००० | ०८१/०८३ | सामाजिक/लैसास कार्यक्रम नीति, कार्यविधि, TOR, Vacancy कर्मचारी संख्या- सेवा सुबिधा, बार्षिक कार्यक्रम, कार्ययोजना, कार्यविधि, अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने। |
| | | | १.२.२ कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकास बजेट विनियोजन। | २०००००/- | ०८१/०८२ | उपस्थिति र माइन्युट |
| | | | १.२.३ सरकारी तथा निजी संघसंस्थाहरु सँग समन्वय गरिने। | २०००० | ०८१/ ०८३ | समन्वय तथा दस्ताबेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १.३ लक्षित वर्गलाई सेवा, लाभ र अधिकारहरूमा पहुँच सुनिश्चित गरिने। | १.३.१. देउमाई नगरपालिका भित्र , रहेका कार्यालयहरु लैससास /अपाङ्गता मैत्री आदि निर्माण गरिने। | ३२,००,०००। - | ०८१/०८४ | कर्यक्रमको योजना, फोटो, पूर्वाधार सम्पन्न दस्तावेज, पूर्वाधार संख्या, कार्यक्रम मूल्यांकन अनुगमन प्रतिवेदन। |
| | | १.४ लै.स.सा.स विश्लेषण परीक्षण, लै.स.सा.स खण्डीकृत तथ्यांक सुनिश्चित गरिने। | १.४.१ पालिका तह मा कार्यक्रम बनाउँदा लै.स.सा.स विश्लेषण गरिने , लै.स.सा.स कार्यक्रम प्रभावकारी र नातिजामूलक भएको प्रमाणको लागि मुल्यांकन दस्ताबेज र परीक्षण गरिने, सबै क्षेत्रमा लै.स.सा.स खण्डीकृत तथ्यांक संकलन गरिने , लिपिबद्ध गरिने। | ८०००००० | ०८१/०८४ | लै.स.सा.स परीक्षण प्रतिबेदन, लै.स.सा.स बिश्लेसन प्रतिवेदन, अनुगमन तथा मूल्यांकन प्रतिबेदन, लैसासस तथ्यांक संकलन प्रतिबेदन |
| | | १.५. अवसरबाट बञ्चित लक्षित समुदायको पालिकाका सम्पूर्ण कार्यक्रममा अर्थपूर्ण सहभागिता गराउने। | १.५.१ लक्षित समुहको समस्याको सवालको पहिचान गरी समाधानमा बृहत छलफल गरिने र कार्यक्रम बनाउन समिति गठन गर्दा | ५००,००० | ०८१/०८४ | लै.स.सा.स सदस्य संख्या, बैठक निर्णय , फोटो, लै.स.सा.स परीक्षण प्रतिबेदन। |
| | | | १.५.२ लक्षित समुदायको योजनाबद्ध रुपमा व्यक्तिगत आर्थिक सामाजिक राजनैतिक सामुहिक क्षमता अभिबृद्धि गर्ने। | १२००,००,० ०० | ०८१/०८४ | बार्षिक योजना कार्यक्रम, तालिम उपस्थिति, लाभान्वित अनुदान संख्या, अनुदान रकम, संख्या लै.स.सा.स अनुगमन तथा मुल्यान्कन प्रतिबेदन, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १.५.३ सामाजिक कुरीति सशक्तीकरण, सामाजिक, महत्व, सामाजिक विकास, मावन अधिकार, बालबालिकाको अधिकार, ज्येष्ठ नागरिक सम्मान, सम्मनित समाजको अवधारणा, जिम्मेवारी, दायित्व चेतना मुलक अभियान, तालिम र गोष्टि आदि वडा, पालिका तथा विद्यालय तहमा गरिने। | १०,००,००० | ०८१/०८३ | अभियान संख्या , संख्या गोष्ठी संचालन , उपस्थिति संख्या |
| ख | २.१ लैङ्गीक तथा सामाजिक रुपमा विपन्न र लक्षित वर्गलाई सेवा प्रवाह गर्ने संयन्त्रको लागि नगरपालिकाको संस्थागत क्षमतां विकास गरिने। | २.१.बहिष्करणमा परेका समुदायको सेवामुलक कार्यमा अवसर र पहुच प्रदान गर्ने र त्यसको जानकारी गराउने। | २.१.१पालिका तह मा लक्षित समुदाय लाई बिभिन्न संञ्चारमाध्यम प्रयोग गरि समुह, समिति,वडा कार्यालय, क्लब, सरकारी विद्याल का विद्यार्थी हरु लाई जानकारी गराउने। | ६०००० | | लाभान्वित लक्षित जनसंख्या , क्रमस, सिप मुलक तालिम लाभान्वितहरु, अनुदान लाभान्वितहरु, व्यावसायिक तालिम, उद्यम संचालन को प्रतिबेदन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | २.२ पालिकाको वार्षिक बजेटको कम्तिमा १०% बजेट लैंगिक उतरदायी तथा समाजिक समावेशी बजेट तर्जुमा गरिने सो मार्फत नतिजामुखी बार्षिक र आवाधिक योजना तर्जुमा र सोको कार्यान्वयन गर्ने। | २.२.१ पालिका तहमा लैंगिक उत्तरदायी बजेट तर्जुमा गरिने र कार्यक्रम प्रभावकारी नातिजमुखी गरिने। | % | ०८१/०८३ | लैसासस कार्यक्रम तथा बजेट, योजना र कार्यक्रम |
| ग | लक्षित वर्गका अधिकारहरूमा पहुँच सुनिश्चित गर्ने। | ३.१ लक्षित वर्गलाई सेवा, लाभ र अधिकारहरूमा पहुँच सुनिश्चित गर्ने। | ३.१.१.लैसास लक्षित वर्गलाई सेवा सुबिधाको पहुच र जानकारी सुनिश्चित गरिने। | ३०००० | ०८१/०८३ | सूचना प्रकाशन बोर्ड, प्रतिबेदन, फेसबुक, पालिका वेबसाइट, लाभान्वित लैससास संख्या, आदी। |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

### ९. वित्त व्यवस्थापन:

यस रणनीति अन्तर्गतको कार्ययोजना अनुसारका कार्यक्रम संचालनका लागि सर्वप्रथम पालिकाको स्रोत आँकलन गरि कति बजेट पालिकाले आफ्नै स्रोतबाट व्यवस्था गर्नसक्ने हो र कति बजेट बाह्य स्रोतबाट जुटाउनुपर्ने हुन्छ भन्ने कुराको निक्यौंल गरी कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ । पालिकाको आफ्नो स्रोतबाट नपुग हुने बजेटका लागि संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरु तथा अन्य सरकारी र गैरसरकारी निकायहरु सँग सहकार्यका लागि सम्पर्क समन्वय तथा सहकार्य गरी बजेट व्यवस्था गरिने छ।

### १. सरोकारवालाहरुको भूमीका पहिचान

| सरोकारहरु लैसास समन्वयको लागि | जिम्मेवार निकाय | कार्य क्षेत्र |
|---|---|---|
| सरकारी तहमा (GO) : | देउमाई नगरपालिका, महिला बाल बालिका सामाजिक शाखा लैससास समिति, | योजना , कार्यक्रम, बजेट , कार्यान्वयन, समन्वय, मूल्याङ्कन र अनुगमन |
| गैर सरकारी तहमा (NGO) | | साझेदारी |
| INGO | | साझेदारी |
| CBO | विद्यालय, स्वास्थ्य कार्यालय, न्यायिक समिति, सामुदायिक समुह | साझेदारी |

### १३. कानुनी व्यवस्था :

नेपालको संविधान २०७२ ले समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा विभेद रहित, उन्नत, समृद्ध र न्यायपूर्ण समाजको विकास गरिने प्रतिबद्धता र परिकल्पना गरेको छ। सो अनुसार नै लैंगिक समानता नीति २०७७ ले महिला र किशोर किशोरी बालिकाको आर्थिक, सशक्तीकरण र सामाजिक विकासको लागि विभिन्न खालका नितिगत र संरचनात्मक व्यवस्था गरी लैंगिक समानताका मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने मान्यता राखेको छ। यसै गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (Ministry of Federal Affairs and General Administration) को अन्तर्गत बनेको लैससास रणनीति २०२१-२०२३ ले स्थानीय तहमा लैससास रणनीति तयार गरी लैससास समानता र लैससास क्षमतालाई कार्यान्वयन गरेर सुनिश्चित गर्ने जिम्मेवारी रहेको छ।

### १३. जोखिम पहिचान तथा न्यूनीकरण :

**१३.१. जोखिम** : यस देउमाई नगरपालिकाले रणनीति कार्यान्वयन गर्नको लागि आउन सक्ने जोखिमहरु पहिचान गरी निम्न प्रकार उल्लेख गरिएको छ।

१. बजेटको अभाव हुन सक्ने ।

२. लैससासको प्राथमिकता र आवश्यकता महशुस गर्नमा सचेतनाको कमि हुनसक्ने । लैससासको कार्यक्रमलाई कम प्राथमिकता दिने र महत्व नदिने हुनसक्छ ।

३. लक्षित टाठा बाठाले बजेट माथिको पहुँच गर्ने र वास्तविक प्रताडित समुहहरुको पहुँच नहुने हुनसक्छ ।

**१३.२. जोखिम न्यूनीकरणका उपाय :**

१. पर्याप्त बजेट राख्ने र साझेदारीको लागि पहल गरिने ।

२. तालिम लैससास समानता क्षमता र लैससास उत्तरदायी बजेटको आवश्यकता राष्ट्रको आर्थिक र सामाजिक विकासको चेतना मुलक तालिम जन प्रतिनिधिहरु र कर्मचारीहरुको लागि संचालन गर्ने ।

३. लक्षित समुदायले नै पहिचान गरी त्यो वर्गलाई सुचना, प्रचार , सेवा र सहयोग पुर्याउने ।

१४ मूल्यांकन तथा अनुगमन:

यस देउमाई नगरपालिकाको यस रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि उल्लेखित क्रियाकलापहरुले मद्दत पुर्याउने छ ।

१. नातिजमूलक अनुसार सूचकलाई आधार मानि कार्यक्रमको प्रभावकारिता बढाउने र कार्यक्रम नतिजाको आधार बनाए सुधार गरिने छ ।

२. खण्डीकृत तथ्यांक संकलन गरी baseline तयार गरिने छ र त्यसलाई आधार मानि लक्षित वर्गहरुको प्रगति मापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

आज्ञाले

हरि बहादुर दहाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत